**सर म्याडम नमस्कार**
**प्रस्तुत विषयमा**

भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **मिति २०७५/११/१६ गते** प्रदेश नं ३, हेटौडाको चालु आ. व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम तथा मन्त्रालयको कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धि कर्याबिधि २०७५, अनुसार विभिन्न कृषि औजारहरुमा अनुदान दिनको लागि प्रस्ताव माग गरेको हुनाले तहाँ स्थानीय तह मातहतका कृषक लाभग्राहीहरुलाई यो सूचना प्रबाह गरि कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धि कार्यविधि **अनुसुची २ मा उल्लेखित कृषि औजार उपकरणहरु अनुदानमा प्राप्त गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७५/१२/१ गते भित्र)** कार्यलय समय भित्र आइपुग्ने गरि सम्बन्धित कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा कार्यविधिको **अनुसूची १ मा उल्लेख भएको कागजात र अनुसूची ४ अनुसारको निवेदन पेश** गरि प्रस्ताव दर्ता गर्न अनुरोध गरिन्छ ।

**पुनस्चः** कृषि यान्त्रिकरण लागि प्रस्ताव आव्हानको सूचना तथा कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धि **कर्याबिधिको अनुसूची १, २ र ४ को छायाँ कपी** यसै इमेल मार्फत पठाईएको जानकारी गर्दछौं ।

थप जानकारी भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेवसाईट http://molmac.p3.gov.np/ बाट पनि लिन सकिनेछ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

अनुसूची - १

(दफा ६ सँग सम्बन्धित)

## साझेदारको लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७५/ /

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ , हेटौंडा अन्तर्गत कृषि ज्ञान केन्द्र,............... र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र...........................को आ.व. ............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि यान्त्रिकरण प्रवर्द्धन सम्वन्धी कार्यविधि , २०७५ अनुसार कृषि यन्त्र उपकरणहरु खरिद गर्न प्रदेश नं. ३ का कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको १५ दिनभित्र कार्यालय समय भित्र सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहाय वमोजिमका कागजात सहित निवेदन साथ प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**पेश गर्नुपर्ने कागजातहरुको विवरणः**

१. रु.१०।-को हुलाक टिकट टाँस गरेको निवेदन,
२. मेशिनरी औजार संचालन तथा मर्मत सम्वन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
३. आधिकारिक दर्ता प्रमाण पत्रको प्रतिलिपि,
४. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
५. साझेदारको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ,
६. गत आ.व. को कर चुक्ता प्रमाण पत्र,
७. साझेदारको निर्णय प्रतिलिपि,
८. साझेदारले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
९. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति ( पासपोर्ट साइजको) ।

## अनुसूची – ४

( दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने साझेदारले कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्ने निवेदनको ढाँचा</u>**

मिति:

श्रीमान् प्रमुखज्यू,

कृषि ज्ञान केन्द्र / भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

........................................... ।

विषय : कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/ हामीलाई कृषि / पशुपन्छी क्षेत्रमा उपयोग गर्नका लागि "कृषि यान्त्रिकरण प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७५" अनुसार मिति........................प्रकाशन गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौटको फाराममा भरी सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु / छौ ।

१.

२.

३.

<u>निबेदक</u>

दस्तखत :

नाम :

साझेदारको नाम :

पद :

साझेदारको छाप :